नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
(औद्योगिक तथा लगानी प्रबर्द्धन महाशाखा )

सिंहदरवार,
काठमाडौं
नेपाल

प.सं. -औ.प्र.-२०७९।८०
च.नं. ४१५

मिति २०७९/०३/२७

बिषयः आ.व. २०७९/८० को लागि मेडपा कार्यक्रमको लक्ष्य र कार्यक्रम सञ्चालन सम्बन्धमा ।

श्री गाँउ कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय,
७५३ वटै ।

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) विगत आ.व. देखि नै लक्ष्य सहित सशर्त अनुदानमा सबै स्थानीय तहमा "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७" अनुसार सञ्चालन भैरहेको छ। यस निर्देशिकाले लघु उद्यम विकास कार्यक्रम र यसमा निहित छ वटा चरण रहेको मेड-मोडललाई एउटा नमूना कार्यक्रमका रुपमा स्थानीय तहदेखि नै सु-व्यवस्थितरुपमा सञ्चालन गर्ने र यसका लागि स्थानीय तहमा उद्यम विकास समिति, अनुगमन उप समिति, कार्यालयले तोकेका फोकल पर्सन र लघु उद्यमका विषयमा अध्ययन गरेका उद्यम विकास सहजकर्ता (ई.डि.एफ.) को महत्वपूर्ण भूमिका अपेक्षा गरिएको छ।

आगामी आ.व. २०७९/८० मा समेत मेडपा कार्यक्रमलाई निरन्तरता दिईएको हुँदा प्रत्येक स्थानीय तहका लागि कार्यक्रमको लक्ष्य निर्धारण गरी यसैसाथ संलग्न गरी पठाइएको छ । मेडपा कार्यक्रमको मेड-मोडल कार्यान्वयन गरी एउटा व्यक्तिलाई उद्यमी बनाउन ८ देखि १० महिनासम्म लाग्ने भएको हुँदा मेडपा निर्देशिका, २०७७ को दफा ५ बमोजिम दफा ६ मा उल्लेखित योग्यता भएका ई.डि.एफ.संग सेवा करार गरी निर्देशिकाको दफा १० बमोजिमको कार्ययोजना बमोजिम आगामी आ.व.को कार्यक्रम २०७९ साल श्रावण १ गतेदेखि नै शुरु गर्नुहुन, उद्यम विकास सहजकर्तासंग सेवा करार गर्दा कार्यक्रमको सफल कार्यान्वयन र सो को दिगोपनाका लागि उपलब्ध भएसम्म उद्यम विकासमा डिप्लोमा गरेका वा सीप परीक्षणमा तह ३(तीन) उत्तीर्ण गरेका उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिनुहुन र कार्यक्रमका सम्बन्धमा कुनै द्विविधा भए यस मन्त्रालयको औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखामा सम्पर्क गर्नुहुनको साथै कार्यक्रमको आवधिक एवं वार्षिक प्रतिवेदन नियमित रुपमा पठाउनु हुन निर्णयानुसार अनुरोध छ।

२०७९।३।२७
त्रिशान श्रेष्ठ
शाखा अधिकृत

<u>वोधार्थ</u>
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौः तहाँ मन्त्रालयको विद्युतीय सूचना प्रणाली (वेभसाइट) मार्फत सबै स्थानीय तहहरुलाई प्रेषित गरिदिनुहुन ।

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा लगानी प्रबर्द्धन महाशाखा )

सिंहदरवार,
काठमाडौं
नेपाल

प.सं. -औ.प्र.-२०७९।८०
च.नं. ४१५

मिति २०७९/०३/२७

विषयः आ.व. २०७९/८० को लागि मेडपा कार्यक्रमको लक्ष्य र कार्यक्रम सञ्चालन सम्बन्धमा ।

श्री गाँउ कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय,
७५३ वटै ।

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) विगत आ.व. देखि नै लक्ष्य सहित सशर्त अनुदानमा सबै स्थानीय तहमा "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७" अनुसार सञ्चालन भैरहेको छ। यस निर्देशिकाले लघु उद्यम विकास कार्यक्रम र यसमा निहित छ वटा चरण रहेको मेड-मोडललाई एउटा नमूना कार्यक्रमका रुपमा स्थानीय तहदेखि नै सु-व्यवस्थितरुपमा सञ्चालन गर्ने र यसका लागि स्थानीय तहमा उद्यम विकास समिति, अनुगमन उप समिति, कार्यालयले तोकेका फोकल पर्सन र लघु उद्यमका विषयमा अध्ययन गरेका उद्यम विकास सहजकर्ता (ई.डि.एफ.) को महत्वपूर्ण भूमिका अपेक्षा गरिएको छ।

आगामी आ.व. २०७९/८० मा समेत मेडपा कार्यक्रमलाई निरन्तरता दिईएको हुँदा प्रत्येक स्थानीय तहका लागि कार्यक्रमको लक्ष्य निर्धारण गरी यसैसाथ संलग्न गरी पठाइएको छ । मेडपा कार्यक्रमको मेड-मोडल कार्यान्वयन गरी एउटा व्यक्तिलाई उद्यमी बनाउन ८ देखि १० महिनासम्म लाग्ने भएको हुँदा मेडपा निर्देशिका, २०७७ को दफा ५ बमोजिम दफा ६ मा उल्लेखित योग्यता भएका ई.डि.एफ.संग सेवा करार गरी निर्देशिकाको दफा १० बमोजिमको कार्ययोजना बमोजिम आगामी आ.व.को कार्यक्रम २०७९ साल श्रावण १ गतेदेखि नै शुरु गर्नुहुन, उद्यम विकास सहजकर्तासंग सेवा करार गर्दा कार्यक्रमको सफल कार्यान्वयन र सो को दिगोपनाका लागि उपलब्ध भएसम्म उद्यम विकासमा डिप्लोमा गरेका वा सीप परीक्षणमा तह ३(तीन) उत्तीर्ण गरेका उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिनुहुन र कार्यक्रमका सम्बन्धमा कुनै द्विविधा भए यस मन्त्रालयको औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखामा सम्पर्क गर्नुहुनको साथै कार्यक्रमको आवधिक एवं वार्षिक प्रतिवेदन नियमित रुपमा पठाउनु हुन निर्णयानुसार अनुरोध छ।

२०७९/३/२७

त्रिशान श्रेष्ठ
शाखा अधिकृत

बोधार्थ

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौः तहाँ मन्त्रालयको विद्युतीय सूचना प्रणाली (वेभसाइट) मार्फत सबै स्थानीय तहहरुलाई प्रेषित गरिदिनुहुन ।

फोन नं. ४२११५७९, ४२११५४७फ्याक्स नं. ९७७-१-४२११६१९
Email: info@moics.gov.np, Website:www.moics.gov.np